नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (मन्त्रीस्तर) को मिति २०८२/०४/१६ को निर्णय अनुसार एकीकृत अस्पताल संचालन तथा व्यवस्थापन समितिलाई व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा कुनै राय सुझाव भए १५ दिन भित्र यस मन्त्रालयको इमेल ठेगाना info@mohp.gov.np वा law.section@mohp.gov.np मा देहायबमोजिमको ढाँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | राय/सुझाव दिइएको विषय | पुष्ट्याई |
|---|---|---|---|---|
| | | | | |

१. **विधेयक गर्नु पर्नाको कारणः**

नेपालको संविधानको धारा ३५ मा "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन। प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ" भन्ने व्यवस्था रहेको छ। धारा ४४ मा उपभोक्ताको हक अन्तर्गत प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ। संविधानको अनुसूची–५ मा संघको एकल अधिकार सूची अन्तर्गतको क्र.सं. १६ मा स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रणको विषय संघको एकल अधिकार रहेको उल्लेख छ।

स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन, गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा अस्पतालहरुको समुचित विकास र समन्वयकारी सञ्चालनलाई सुनिश्चित गर्न नेपाल सरकारद्वारा सञ्चालित वा सहकार्यमा रहेका अस्पतालहरुलाई संचालन तथा व्यवस्थापन गर्न एकीकृत अस्पताल संचालन तथा व्यवस्थापन समिति गठन गरी सम्पूर्ण संघीय अस्पतालहरुको व्यवस्थापन तथा प्रदान गरिने सेवामा एकरुपता ल्याउनको साथै ती अस्पतालमा रहने जनशक्ति व्यवस्थापन, सेवाको शर्त एवम् सुविधामा समान व्यवस्था कायम गर्न र सेवा प्रवाहमा पारदर्शिता कायम गरी आर्थिक अनुशासन कायम गर्न एकीकृत अस्पताल संचालन तथा व्यवस्थापन समिति ऐन बनाउन आवश्यक भएकोले विभिन्न विकास समिति अन्तर्गत सञ्चालित अस्पतालहरुलाई एकिकृत रुपमा सञ्चालन गर्न सो सम्बन्धी कानून तर्जुमा गरिएको हो।

२. **विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

एकीकृत अस्पताल संचालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको कार्यान्वयनबाट नेपालको स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन, गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा अस्पतालहरुको

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

समुचित विकास र समन्वयकारी सञ्चालनलाई सुनिश्चिता गरी समग्र स्वास्थ्य क्षेत्रको सुलभ एवम् गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी नेपालको संविधानको धारा ३५ ले प्रदान गरेको नागरिकहरुको स्वास्थ्य सम्बन्धी हक कार्यान्वयनमा टेवा पुग्ने देखिन्छ।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

हाल प्रचलनमा रहेका अस्पतालहरुलाई एकिकृत रुपमा संचालन तथा व्यवस्थान समितिं ऐन तयार गरी छाता ऐन बनाईने भएको हुँदा नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने साथै यो विधेयक संघीय संसदबाट पारित भई ऐन बनेको अवस्थामा अस्पतालहरुको वित्तीय सुशासन थप प्रभावकारी भई आर्थिक मितव्ययिता कायम गर्न सहयोग पुग्ने।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

एकीकृत अस्पताल संचालन तथा व्यवस्थापन समिति ऐनको कार्यान्वयन हुँदा संयुक्त राष्ट्र संङ्को दिगो विकास लक्षको लक्ष नं. ३ मा रहेको सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने दिगो विकास लक्ष हासिल गर्न मद्दत पुग्ने देखिन्छ।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन, गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा अस्पतालहरुको समुचित विकास र समन्वयकारी सञ्चालनलाई सुनिश्चित गर्न नेपाल सरकारद्वारा सञ्चालित वा सहकार्यमा रहेका अस्पतालहरुलाई संचालन तथा व्यवस्थापन गर्न एकीकृत अस्पताल संचालन तथा व्यवस्थापन समिति गठन गरी सम्पूर्ण संघीय अस्पतालहरुको व्यवस्थापन तथा प्रदान गरिने सेवामा एकरुपता ल्याउनको साथै ती अस्पतालमा रहने जनशक्ति व्यवस्थापन, सेवाको शर्त एवम् सुविधामा समेत एकरुपता कायम हुने। प्रत्येक अस्पतालमा अस्पताल संचालन व्यवस्थापन समितिको पदाधिकारीको संख्या कम भई न्यूनतम पदाधिकारीबाट काम हुने, आर्थिक पारदर्शिता लगायतका विषयबाट वित्तिय अनुशासन कायम भई सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

**६. विधेयकको व्यवस्थाबाट जलवायू अनुकुलनमा पुग्ने सहयोगः** **

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

# <u>एकीकृत अस्पताल संचालन तथा व्यवस्थापन समिति ऐन, २०८२</u>

**<u>प्रस्तावना:</u>** स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन, गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा अस्पतालहरूको समुचित विकास र समन्वयकारी सञ्चालनलाई सुनिश्चित गर्न नेपाल सरकारद्वारा सञ्चालित वा सहकार्यमा रही विकास समिति गठन आदेशद्वारा सञ्चालित अस्पतालहरुलाई स्थानीय तथा राष्ट्रिय आवश्यकताप्रति उत्तरदायी, जवाफदेही र पारदर्शिता बनाउदैं संचालन तथा व्यवस्थापन गर्ने संरचना गठन गरी सम्पूर्ण संघीय अस्पतालहरुको व्यवस्थापन तथा सेवा सुविधामा राष्ट्रिय मापदण्ड अनुरुप एकरूपता, पारदर्शिता, गुणस्तरता, प्रभावकारिता कायम गरी सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा र आर्थिक अनुशासन कायम गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न सहज र सुलभ रुपले प्रवाह गर्न वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "एकीकृत अस्पताल संचालन तथा व्यवस्थापन समिति ऐन , २०८२" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) "अध्यक्ष" भन्नाले दफा ७ बमोजिमको व्यस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्छ र सो शब्दले दफा ३ बमोजिमको निर्देशक समितिको अध्यक्षलाई जनाउनेछ।

(ख) "अस्पताल" भन्नाले अनुसुची -१ मा उल्लेखित तथा मन्त्रालयले समय समयमा अनुसुची-१ मा पर्ने भनि तोकेको संघीय अस्पतालहरुलाई सम्झनु पर्छ।

(ग) "अस्पताल प्रमुख" भन्नाले दफा ११ बमोजिमको अस्पताल प्रमुख सम्झनु पर्छ ।सो शब्दले अस्पतालको निर्देशक एवं मेडिकल सुपरिटेन्डेन्ट वा अस्पताल प्रमुख भई काम गर्ने अधिकारीलाई समेतलाई बुझाउने छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "व्यवस्थापन समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति लाई सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले दफा ७ बमोजिमको समितिहरुको सदस्य सम्झनु पर्छ र सो शब्दले दफा ३ बमोजिमको निर्देशक समितिको अध्यक्षलाई जनाउनेछ।

(ज) "निर्देशक समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय अस्पताल निर्देशक समिति लाई सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले गाँउपालिका, नगरपालिका उपमहानगरपालिका तथा महानगरपालिका लाई जनाउने छ ।

## परिच्छेद -१
## निर्देशक समिति

३. **निर्देशक समितिको गठनः** (१) अस्पतालहरूको व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगत निर्देशन तथा समन्वय गर्न मन्त्रालयको मातहत रहने गरी एक निर्देशक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिमा देहाय बमोजिम सदस्यहरू रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको स्वास्थ्य हेर्ने सचिव – | अध्यक्ष |
| (ख) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग — | सदस्य |
| (ग) | प्रमुख, निति योजना महाशाखा, मन्त्रालय — | सदस्य |
| (घ) | प्रमुख, समन्वय महाशाखा, मन्त्रालय | सदस्य |
| (ङ) | प्रमुख, प्रशासन (सहसचिव), मन्त्रालय — | सदस्य |
| (च) | प्रमुख, उपचारात्मक महाशाखा, स्वास्थ्य सेवा विभाग — | सदस्य |
| (छ) | प्रमुख, नर्सीङ्ग महाशाखा, स्वास्थ्य सेवा विभाग — | सदस्य |
| (ज) | नेपाल सरकार, अर्थ मन्त्रालय (सहसचिव स्तर) प्रतिनिधि — | सदस्य |
| (झ) | अस्पताल व्यवस्थापन, जनस्वास्थ्य वा स्वास्थ्य अर्थशास्त्र क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेका विज्ञहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक महिला सहित दुई जना– | सदस्य |
| (ञ) | उपभोक्ता हित तथा संरक्षण क्षेत्रमा क्रियाशील रही कम्तीमा सात वर्षको अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तीमा एक महिला सहित दुई जना — | सदस्य |
| (ट) | प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा, मन्त्रालय — | सदस्य-सचिव |

(३) उपदफा (१) बमोजिमको निर्देशक समितिले आवश्यकता अनुसार विज्ञहरुलाई वैठकमा आमन्त्रित गर्न सक्ने छ।

(४) उपदफा (२) को खण्ड (झ) र (ञ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ।

४. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** दफा ३ बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि सेवा प्रवाह, गुणस्तर, बिरामी सुरक्षा र सुशासन सम्बन्धी नीति, रणनीति, मापदण्ड र निर्देशिकाहरू तर्जुमा गरी मन्त्रालय समक्ष स्वीकृतिका लागि पेश गर्ने;

(ख) अस्पताल व्यवस्थापन सम्बन्धमा मन्त्रालयबाट स्वीकृत नीति तथा मापदण्डहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने गराउने;

(ग) अस्पतालहरूको सेवा शुल्कको वैज्ञानिक आधार तयार पार्ने सेवा शुल्कको अधिकतम सीमा निर्धारण गर्ने;

(घ) अस्पताल विकास समितिहरूको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी राष्ट्रिय स्वास्थ्य योजना तथा प्राथमिकतासँग सामञ्जस्यता, सम्भाव्यता र प्रभावकारिताको आधारमा विश्लेषण गरी स्पष्ट मार्गदर्शन, प्राथमिकता र क्षेत्र निर्धारण गर्ने, गराउने;

(ङ) अस्पताल विकास समितिहरूबाट वार्षिक कार्यक्रम तथा बजेट पेश गर्ने प्रक्रियालाई व्यवस्थित, पारदर्शी र समयबद्ध बनाउन स्पष्ट समयसीमा र आवश्यक प्रणालीको विकास गर्ने, गराउने;

(च) अस्पताल विकास समितिहरूबाट पेश भएको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने;

(छ) अस्पतालहरूको कार्यसम्पादन मूल्यांकनको सूचक र प्रणाली विकास गरी नियमित रूपमा मूल्यांकन गर्ने, गराउने;

(ज) अस्पताल सञ्चालन तथा सेवा प्रवाह सम्बन्धी सेवाग्राहीका गुनासो सुनुवाई र सम्बोधनको लागि प्रभावकारी संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने, गराउने;

(झ) अस्पतालहरूको तथ्यांक र सूचना प्रणालीलाई एकीकृत र व्यवस्थित गर्न अस्पताल व्यवस्थापन सूचना प्रणाली विकास गरी लागू गर्ने, गराउने;

(ञ) अस्पतालजन्य फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता सम्बन्धी राष्ट्रिय मापदण्डको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने, गराउने;

(ट) स्वास्थ्य सेवामा नवीन प्रविधि, अनुसन्धान र विकासलाई प्रोत्साहन र सहजीकरण गर्ने, गराउने;

(ठ) मन्त्रालयले तोके बमोजिमका अन्य कार्यहरू गर्ने।

५. **निर्देशक समितिको बैठक तथा निर्णय** : (१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक र आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुपस्थितिमा अध्यक्षसँग परामर्श गरी सदस्य–सचिवले समितिको बैठक बोलाउन सक्नेछ।

(३) सदस्य-सचिवले अध्यक्षसँग परामर्श गरी समितिको बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना बैठक बस्ने मितिभन्दा सात दिन अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा मन्त्रालयको बाह्रौं तहको अतिरिक्त स्वास्थ्य सचिवले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिमा तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकको निर्णय सदस्य–सचिवले प्रमाणित गर्ने छ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

६. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : निर्देशक समितिले आफ्नो काम कर्तव्यको सम्बन्धमा आवश्यकता अनुसार कुनै सदस्य वा विज्ञको संयोजकत्वमा उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

## परिच्छेद – ३

## अस्पताल सञ्चालन तथा व्यवस्थापन

७. **व्यवस्थापन समितिः** (१) अस्पतालको सञ्चालन एवं व्यवस्थापनको गर्नको लागि प्रत्येक अस्पतालमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिम सदस्यहरू रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयले नियुक्त गरेको व्यक्ति — | अध्यक्ष |
| (ख) | अस्पताल रहेको स्थानिय तहको प्रमुख वा निजले तोकेको जनप्रतिनिधि — | सदस्य |
| (ग) | सम्बन्धित अस्पतालको नर्सिङ्ग विभाग प्रमुख — | सदस्य |
| (घ) | सम्बन्धित अस्पतालको वरिष्ठतम् चिकित्सक एक जना — | सदस्य |
| (ङ) | अस्पताल रहेको स्थानिय तहमा स्थाई ठेगाना भई उपभोक्ता हित तथा संरक्षण क्षेत्रमा क्रियाशील रही कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको एक जना व्यक्ति — | सदस्य |
| (च) | अस्पताल रहेको स्थानीय तहमा स्थाई ठेगाना रहेको समाजसेवी एक जना व्यक्ति — | सदस्य |
| (छ) | सम्बन्धित अस्पताल प्रमुख — | सदस्य-सचिव |

(३) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिले आवश्यकता अनुसार विज्ञहरुलाई वैठकमा आमन्त्रित गर्न सक्ने छ।

(४) उपदफा (२) को खण्ड (ङ) र (च) को सदस्यहरु मनोनयन गर्दा समावेशी सिद्धान्तको गर्नुपर्नेछ।

(५) उपदफा (२) को खण्ड (क) को अध्यक्ष तथा खण्ड (ङ) र (च) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ।

८. **<u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** दफा ७ बमोजिमको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्देशक समितिले निर्धारण गरेको मापदण्ड तथा निर्देशिकाको अधीनमा रही अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ख) अस्पतालको वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी निर्देशक समिति समक्ष तोकिएको समयभित्र स्वीकृतिका लागि पेश गर्ने,

(ग) निर्देशक समितिबाट स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटलाई पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने,

(घ) अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र सेवा विस्तारका लागि स्थानीय स्तरमा आवश्यक पर्ने श्रोत र साधनको पहिचान, व्यवस्थापन तथा परिचालन गर्ने,

(ङ) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण, सम्बर्द्धन, नियमित मर्मत सम्भार र उचित व्यवस्थापन गर्ने गराउने।

(च) अस्पतालजन्य फोहरमैलाको वैज्ञानिक, सुरक्षित र वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने गराउने,

(छ) मन्त्रालय र निर्देशक समितिले तोकेको मापदण्ड अनुरूप अस्पताल सेवाको गुणस्तर र बिरामी सुरक्षा सुनिश्चित गर्ने,

(ज) अस्पतालमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी एवं कर्मचारीहरूलाई प्रचलित कानुन बमोजिम स्वास्थ्य बीमा तथा अन्य सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सहजीकरण गर्ने,

(झ) अस्पतालबाट प्रवाह हुने सेवा सुविधालाई छिटो, छरितो, सहज र प्रभावकारी बनाउन  बनाउन आवश्यक विद्युतीय प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ञ) अस्पतालबाट प्रवाह हुने सेवा तथा स्वास्थ्य सम्बन्धी अभिलेख तथा प्रतिवेदन प्रणालीलाई सुरक्षित, व्यवस्थित र प्रभावकारी बनाउन निर्देशक समितिको अस्पताल व्यवस्थापन सूचना प्रणालीमा नियमित रूपमा आबद्ध हुने व्यवस्था मिलाई तोकिएका तथ्यांक उपलब्ध गराउने,

(ट) नेपाल सरकारले सञ्चालन गरेको स्वास्थ्य बीमा कार्यक्रमले तोकेका सुविधा एवं अस्पताल फार्मेसी मार्फत गुणस्तरीय र अत्यावश्यक औषधीहरूको सहज, सुलभ र निरन्तर उपलब्धता सुनिश्चित गर्ने,

(ठ) अस्पतालको विकास, सेवा विस्तार र सुधारका लागि प्रदेश सरकार, स्थानीय तह, अन्य सरकारी निकाय, सामुदायिक संस्था तथा गैरसरकारी संस्थाहरुसँग साझेदारी, सहकार्य तथा समन्वय गर्ने,

(ड) अस्पतालको आय-व्यय, सेवा प्रवाह र समग्र कार्यसम्पादनको विषयमा वार्षिक रूपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्ने र प्राप्त सुझावहरू कार्यान्वयन गर्ने,

(ढ) स्वास्थ्य सेवा सुधारका लागि मन्त्रालय र निर्देशक समितिले तोकेको अन्य कार्य गर्ने।

९. **<u>अध्यक्ष तथा सदस्यको योग्यता</u>** : देहायको योग्यता पुगेको कुनै व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य हुन सक्नेछः–

(क) नेपाली नागरिक

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएको,

तर दफा ३ को खण्ड (झ) र (ञ) बमोजिमको सदस्यको हकमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव र दफा ७ को खण्ड (ङ) र (च) बमोजिमको सदस्यको हकमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको हुनुपर्नेछ।

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(घ) निजि अस्पताल तथा स्वास्थ्य संस्थाको सञ्चालक वा आधारभूत शेयरधनी नरहेको।

१०. **<u>पद रिक्त हुनेः</u>** (१) देहायको अवस्थामा अध्यक्ष तथा सदस्यको पद रिक्त भएको मानिनेछः–

(क) अध्यक्ष वा सदस्यले मन्त्रालय समक्ष लिखित राजीनामा दिएमा,

(ख) समितिलाई जानकारी नदिई लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा,

(ग) दफा ९ को खण्ड (ग) मा उल्लिखित कसूरमा अदालतबाट दोषी ठहरिएमा,

(घ) निजको पदावधि समाप्त भएमा,

(ङ) निजलाई उपदफा (२) बमोजिम पदबाट हटाएमा,

(च) निजको मृत्यु भएमा ।

(२) दफा ७ को उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा सदस्यले अस्पतालहरुको हित विपरीत कुनै कार्य गरेमा वा पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले अध्यक्ष तथा सदस्यको पदावधि सकिनु अगावै निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अध्यक्ष तथा सदस्यलाई निजको पदबाट हटाउनु अघि निज उपर लागेको आरोपबारे सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम आरोप लागेको अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई पदमा राखी रहँदा निज उपर लगाइएको आरोपबारे प्रमाण निजले नष्ट गर्ने वा अस्पताललाई कुनै हानि नोक्सानी गर्न सक्ने मनासिब आधार देखिएमा मन्त्रालयले निजलाई तत्काल पदबाट निलम्बन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको निलम्बनको अवधि तीन महिनाभन्दा बढी हुने छैन।

११. **<u>अस्पताल प्रमुख</u>ः** (१) प्रत्येक अस्पतालमा एक जना अस्पताल प्रमुख रहनेछन्।

(२) अस्पतालको वर्ग, बेड संख्या तथा प्रदान गरिने सेवाको आधारमा मन्त्रालयले नेपाल स्वास्थ्य सेवाको एघारौ तहको अधिकृतलाई उप-दफा (१) बमोजिमको अस्पताल प्रमुख तोक्नेछ।

(३) उप-दफा (१) बमोजिम तोकिएको अस्पताल प्रमुखले आफ्नो पदावधिभर प्रमुख रहेको अस्पताल बाहेक अन्यन्त्र काम गर्न पाउने छैन।

तर, निर्देशक समितिको स्वीकृति लिई राष्ट्रिय महत्वका वा प्राज्ञिक कार्यमा संलग्न हुन बाधा पर्ने छैन।

१२. **<u>अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार</u>ः** अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको दैनिक प्रशासनिक, आर्थिक तथा चिकित्सकीय कार्यहरूको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

(ख) अस्पतालको सम्पूर्ण व्यवस्थापन तथा प्रभावकारी सञ्चालनको सुनिश्चितता गर्ने।

(ग) मन्त्रालय, निर्देशक समिति र व्यवस्थापन समितिबाट प्राप्त नीति, योजना, मापदण्ड तथा निर्देशनहरूको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने।

(घ) अस्पतालको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने र स्वीकृत कार्यक्रम तथा बजेटलाई मितव्ययी र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने।

(ङ) अस्पतालको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम व्यवस्थित रूपमा राख्ने तथा आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने, गराउने ।

(च) निर्देशक समितिले निर्धारण गरेको अस्पताल व्यवस्थापन सूचना प्रणालीमा अस्पतालको तथ्याङ्क र सूचनाहरू नियमित रूपमा अद्यावधिक गराउने व्यवस्था मिलाउने।

(छ) अस्पतालजन्य फोहोरमैलाको सुरक्षित व्यवस्थापन गरी वातावरणीय स्वच्छता र सरसफाइ कायम गर्ने, गराउने।

(ज) सेवाग्राहीहरूबाट प्राप्त गुनासाहरूको प्रभावकारी रूपमा सुनुवाइ र सम्बोधन गर्ने संयन्त्रलाई सक्रिय र सेवाग्राहीमैत्री बनाउने।

(झ) अस्पतालमा कार्यरत सम्पूर्ण मानव संसाधनको उच्चतम परिचालन, उत्प्रेरणा, क्षमता अभिवृद्धि गरी सौहार्दपूर्ण कार्य वातावरण निर्माण गर्ने।

(ञ) अस्पतालको भौतिक सम्पत्ति (भवन, उपकरण, सवारी साधन आदि) को संरक्षण, सम्बर्द्धन, नियमित मर्मत सम्भार र सदुपयोगको उचित व्यवस्थापन गर्ने।

(ट) नेपाल सरकारले उपलब्ध गराउने स्वास्थ्य उपचार सम्बन्धि सेवा सुविधा तथा अस्पतालबाट प्रदान गरिने सम्पूर्ण सेवाका बारेमा सेवाग्राहीलाई जानकारी दिने व्यवस्था मिलाउने।

(ठ) अस्पतालको विकास, सेवा विस्तार र सुधारका लागि आवश्यक समन्वय र सहकार्य गर्ने

(ड) मन्त्रालय, निर्देशक समिति एवं अस्पताल व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरू गर्ने।

## परिच्छेद – ४

## मानव स्रोत

१३. **मानव स्रोतको व्यवस्थापनः** (१) अस्पतालको संगठनिक तथा व्यवस्थापन सर्वेक्षण गरी मान्त्रालयले स्वीकृत गरेको दरबन्दीको आधारमा आवश्यक मानव स्रोतको व्यवस्थापन नेपाल स्वास्थ्य सेवाका कर्मचारीबाट गरिनेछ।

तर अस्पतालको कार्यबोझ तथा सेवा विस्तारको कारणले उप-दफा (१) बमोजिम मन्त्रालयले स्वीकृत गरेको दरबन्दी भन्दा बढि जनशक्ति आवश्यकता परेमा निर्देशक समितिले तोकेको मापदण्ड र प्रक्रिया बमोजिम व्यवस्थापन समितिले मन्त्रालयबाट स्वीकृत गराई करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्त भएका व्यक्तिको सेवा, सुविधा व्यहोर्ने दायित्व सम्बन्धित अस्पतालको हुनेछ।

(३) करारमा नियुक्ति हुने कर्मचारीको सेवा, सुविधा तोकिए बमोजिम हुनेछ।

१४. **सेवा सम्बन्धी सुविधा र सर्तः** (१) करार सेवामा नियुक्त कर्मचारीको सेवा सुविधाको शर्त निर्देशक समितिले बनाएको एकीकृत कर्मचारी विनियमावली र प्रचलित कानुन बमोजिम हुनेछ।

(२) करार कर्मचारीको काम, कर्तव्य र अधिकार व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

१५. **स्थाई नियुक्ति गर्न नपाउने :** (१) यो ऐन लागू भए पश्चात अस्पतालले कुनै पनि कर्मचारीलाई स्थायी नियुक्ति गर्न पाउने छैन।

(२) यो ऐन लागु हुनु पुर्व अस्पतालहरुमा स्थायी नियुक्त भएका कर्मचारीहरु यसै ऐन बमोजिम नियुक्ति भएको मानिनेछ। अस्पताल विकास समितिले यो ऐन प्रारम्भ हुनु अघि नियुक्त गरेका कर्मचारीको सेवा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमका स्थायी कर्मचारीहरू सेवामा नरहेमा वा अवकाश भएमा सो पद स्वतः खारेज हुनेछ।

तर सेवाको निरन्तरताको लागि दफा १३ बमोजिम करार सेवामा नियुक्त गर्न बाधा पर्ने छैन।

(३) दफा १३ बमोजिमका करार कर्मचारीहरूलाई नेपाल सरकारका स्थायी कर्मचारीहरू सरह आवश्यकता अनुसार निर्देशक समितिको सिफारिसमा मन्त्रालयले एक अस्पतालबाट अर्को अस्पतालमा कामकाजमा खटाउन सक्नेछ।

## परिच्छेद-५
## कोष लेखा तथा लेखापरीक्षण

१६. **अस्पतालको कोषः** (१) प्रत्येक अस्पतालमा एक छुट्टा-छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार,प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) अस्पतालले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयको बार्षिक बजेटको कार्यक्रम तथा क्रियाकलापको खर्च शिर्षकमा उल्लेख भएको रकम व्यवस्थापन समितिको कोषमा जम्मा गर्न पाइने छैन।

(४) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(५) कोषको रकम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंकमा जम्मा गर्नु पर्नेछ ।

(६) अस्पतालको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ

(७) जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

(८) कोषको खाता सदस्य-सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको हस्ताक्षरबाट संचालन हुनेछ।

(९) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

१७. **लेखा र लेखापरीक्षण :** (१) व्यवस्थापन समितिको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ।

(२) व्यवस्थापन समितिको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१८. **शुल्क तोक्नेः** अस्पतालबाट प्रवाह हुने सेवा सम्बन्धी शुल्क निर्देशक समितिको सिफारिसमा मन्त्रालयले तोके बमोजिम हुने छ।

## परिच्छेद-६
## विविध

१९. **अधिकार प्रत्यायोजनः** (१) निर्देशक समितिले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष वा समितिको कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. **<u>वार्षिक प्रतिवेदन पेश गर्ने</u>:** (१) व्यवस्थापन समितिले नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र वार्षिक खर्चको विवरण खुलाई आफूले सम्पादन गरेको सम्पूर्ण कामको प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा उल्लेख गर्नु पर्ने अन्य विषय तोकिए बमोजिम हुनेछ।

(३) अस्पतालहरुको व्यवस्थापन समितिले पेश गरेको प्रतिवेदनको आधारमा निर्देशक समितिले एकिकृत प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

२१. **<u>नेपाल सरकारसँग सम्पर्क</u>** : व्यवस्थापन समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२२. **<u>निर्देशन दिन सक्ने</u>** : (१) मन्त्रालयले व्यवस्थापन समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालन गर्नु व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

२३. **<u>नियम बनाउने अधिकार</u>:** यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२४. **<u>निर्देशिका जारी गर्न सक्ने</u>:** (१) व्यवस्थापन समितिले करारमा नियुक्त गर्ने कर्मचारीको सेवा, सुविधामा एक रुपता कायम गर्न मन्त्रलायले निर्देशिका जारी गर्न सक्नेछ।

२५. **<u>खारेजी र बचाउः</u>** (१) देहायका अस्पताल विकास समिति (गठन) आदेश खारेज गरिएको छ।

(क) कान्ति वाल अस्पताल विकास समिति (गठन) आदेश, २०४०
(ख) परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल विकास समिति (गठन) आदेश, २०४६
(ग) शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल विकास समिति (गठन) आदेश, २०४९
(घ) नरदेवी आयुर्वेद चिकित्सालय विकास समिति (गठन) आदेश, २०५९
(ङ) मानसिक अस्पताल विकास समिति (गठन) आदेश, २०५९
(च) मानव अंग प्रत्यारोपण विकास समिति (गठन) आदेश, २०६८
(छ) सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७३
(ज) जि पि कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्र विकास समिति (गठन) आदेश, २०७०
(झ) डडेलधुरा अस्पताल विकास समिति (गठन) आदेश, २०७६
(ञ) कोशी अस्पताल विकास समिति (गठन) आदेश, २०७६
(ट) नारायणी अस्पताल विकास समिति (गठन) आदेश, २०७६
(ठ) भेरी अस्पताल विकास समिति (गठन) आदेश, २०७६
(ड) भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७७
(ढ) भरतपुर अस्पताल विकास समिति (गठन) आदेश, २०..........

(२) यो ऐन प्रारम्भ हुँदाका वखत अस्पताल विकास समितिले सम्पादन गरेका काम कारवाही यसै ऐन वमोजिम भए गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिम खारेज भएका अस्पताल विकास समितिहरूको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति, हक, हित, अधिकार तथा सो समितिले बेहोर्नुपर्ने ऋण, अनुदान, करार वा अन्य कुनै पनि प्रकारको दायित्व यसै ऐनको दफा ५ बमोजिम गठन हुने सम्बन्धित अस्पतालको अस्पताल व्यवस्थापन समितिमा सर्नेछ।

## अनुसूची १

**(दफा २ को खण्ड (ख) सँग सम्वन्धित )**

| | | | |
|---|---|---|---|
| १ | कान्ति वाल अस्पताल | २ | सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल |
| ३ | परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल | ४ | नारायणी अस्पताल |
| ५ | नरदेवी आयुर्वेद अस्पताल | ६ | भेरी अस्पताल |
| ७ | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल | ८ | जिपि कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्र |
| ९ | मानसिक अस्पताल | १० | डडेल्धुरा अस्पताल |
| ११ | शहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्र | १२ | भरतपुर अस्पताल |
| १३ | कोशी अस्पताल | १४ | पशुपति होमियोप्याथिक तथा युनानी अस्पताल |
| १५ | भक्तपुर क्यान्सर अस्पताल | | |